
# लेखापरीक्षण प्रतिवेदन

# परशुराम नगरपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## परशुराम नगरपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वियन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वियनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/749

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
परशुराम नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
डडेल्धुरा।

**कैफियतसहितको राय**

हामीले परशुराम नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान( नगदमा आधारित ) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा नेपाल सरकारबाट अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४ करोड ४७ लाख ९० हजार, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रू.८ लाख १ हजार र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१३ लाख ३५ हजार समेत रु.१४करोड ६९ लाख २६ हजार समावेश गरेको छैन।
२. नगरपालिकाको रु.१ अर्ब ४२ करोड १ लाख ९५ हजारको लेखापरीक्षण गरिएकोमा रू.६६ लाख १४ हजार बेरुजू देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रू.१ लाख ७१ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२१ लाख ९ हजार, नियमित गर्नुपर्ने रु.२४ लाख ३४ हजार र पेस्की बाँकी रु.१९ लाख रहेको छ। गत वर्षसम्म रु.७ करोड ९६ लाख ८३ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ६२ लाख ९७ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६० | १७ | ६६,१३,६०० | ० | ० | ० | ० | ६० | १७ | ६६,१३,६०० | १,७०,७७७ | २४,३३,९९५ | २१,०८,८२८ | ० | ० | ४५,४२,८२३ | १९,००,००० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | ७९६८३००० | ० | ० | ७९६८३००० | ० | ६६,१३,६०० | ८६२९६६०० |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| ० | ० | ० | ० | ० |

# (८०७७५४०२३०० - परशुराम नगरपालिका, डडेलधुरा )

# परशुराम नगरपालिका , डडेल्धुरा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस परशुराम नगरपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १२ वडा, ६३ जना निर्वाचित जनप्रतिनिधिहरु रहेका छन। यस पालिकामा ४१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३४ हजार ९ सय ८३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवम् प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय:-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।०५ देखि २०८०।०६।११ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्यय रु.१ अर्ब ४२ करोड १ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसार रू.११,१६,५४१। रकम असुल भई दाखिला प्रमाण पेश भएको छ।

| क्र. सं. | विवरण | दाखिला मिति | भौचर नं. | रकम |
|---|---|---|---|---|
| १ | सिद्धनाथ आ. वि . लालपुर लाई बढी निकासा भएको रकम असुली | २०८१।०५।३० | ६९५०५७६५ | ११०००००। |
| २ | पञ्चगिरी कृषक समुहको कट्टा गर्न बाँकी बहाल कर असुली | २०८१।०५।३० | ६९५०६८३७ | ३०००। |
| ३ | पञ्चगिरी कृषक समुहको कट्टा गर्न बाँकी अग्रिम आयकर असुली | २०८१।०५।३० | ६९५०६८३८ | ३०००। |
| ४ | छात्रवृत्ति अनुदान वाफत महादेव आ.वि. लाई बढी भुक्तानी भएको रकम असुली | २०८१।०६।१४ | ७०१३२१३१ | १२००। |
| ५ | छात्रवृत्ति अनुदान वाफत पशुपतिनाथ आ.वि. लाई बढी भुक्तानी भएको रकम असुली | २०८१।०५।३० | ६९४६५७८८ | ५००। |
| ६ | छात्रवृत्ति अनुदान वाफत वैजनाथ मा.वि. लाई बढी भुक्तानी भएको रकम असुली | २०८१।०६।१३ | ७०१२८६६० | ४८००। |
| ७ | पाठ्यपुस्तक अनुदान वाफत त्रिशुली सिद्धभगवती प्रा.वि. लाई बढी भुक्तानी भएको रकम असुली | २०८१।०६।१० | ७००१८४९३ | ४०४१। |
| | जम्मा | | | ११,१६,५४१। |

२ **एकीकृत आयव्याय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| परशुराम नगरपालिका | | | | | | |
|---|---|---|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय, डडेल्धुरा | | | | | | |
| एकिकृत आ वि २०८०।८१ | | | | | | |
| आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | ४४९९७७२०३.२ | ४४९९७७२०३.१ |
| क) नगद | | | २ | पूँजीगत खर्च | ११८६६०७९६.९ | ११८६६०७९६.९ |
| ख) बैँक | ७३६६०३९०.३ | ७३६६०३९०.३ | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| राजस्व ( आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| क) आन्तरिक राजस्व | ९५५३३७७.१ | ९५५३३७७.१ | | ख) ब्याज भुक्तानी | | |
| ख) राजस्व बाँडफाँड | ११५१४२२४२.८ | ११५१४२२४२.८ | | ग) अन्य भुक्तानी | | |
| ग) अन्य आय | | | ४ | लगानी | | |
| वित्तिय हस्तान्तरण संघ | | | | ऋण लगानी | | |
| क) वित्तिय समानीकरण अनुदान | १०५७४१००० | १०५७४१००० | | शेयर लगानी | | |
| ख) सशर्त अनुदान | ३२०६३४००० | ३२०६३४००० | | अन्य लगानी | | |
| ग) समपूरक अनुदान | ७४५२३२४ | ७४५२३२४ | ५ | धरौटी फिर्ता | २९३३२५९.२ | २९३३२५९.२ |
| घ) विशेष अनुदान | १२९१४००० | १२९१४००० | ६ | जनश्रमदान फिर्ता | | |
| प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | कोष फिर्ता | ३८६८०९९.४ | ३८६८०९९.४ |
| क) वित्तिय समानीकरण अनुदान | ९६२५००० | ९६२५००० | ८ | मौज्दात | | |
| ख) सशर्त अनुदान | ८१८९९९५ | ८१८९९९५ | | क) बैँक मौज्दात विभाज्य कोष | ८१९५०१.७ | ८१९५०१.७ |
| ग) समपुरक अनुदान | ३८२९६६६ | ३८२९६६६ | | ख) नगद मौज्दात | ४८३५०४१६.१ | ४८३५०४१६.१ |
| घ) विशेष अनुदान | २५००००० | २५००००० | ९ | शसर्त अनुदान फिर्ता | ५१४३४०७७.५ | ५१४३४०७७.५ |
| अन्तर स्थानीय तहबाट प्राप्त | | | १० | गत बर्षको बढी अल्या | | |
| क सामाजिक सुरक्षा | १४४७८९९१२ | १४४७८९९१२ | ११ | अन्तर स्थानीय तहबाट प्राप्त | | |
| ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | | | क सामाजिक सुरक्षा | १४४७८९९१२ | १४४७८९९१२ |
| ग) गरिव संग विश्वेश्वर | | | | ख) स्थानीय पुर्वाधार विकास साझेदारी कार्यक्रम | | |
| घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रम | ८०१२४९ | ८०१२४९ | | ग) गरिव संग विश्वेश्वर | | |
| ङ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १३३५००० | १३३५००० | | घ) राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रम | ८०१२४९ | ८०१२४९ |
| अन्य | | | | ङ) स्वास्थ्य क्षेत्र सुधार | १३३५००० | १३३५००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | कार्यक्रम | | |
| क) क्षेत्रीय शहरी विकास योजना | | | १२ | जनश्रमदान मौज्दात | | |
| ख) सडक बोर्ड नेपाल | | | १३ | धरौट मौज्दात | ७७३१७६७.० | ७७३१७६७.० |
| ग) पर्यटन बोर्ड नेपाल | | | १४ | कोष खाताको मौज्दात | ४१६०२८२.७ | ४१६०२८२.७ |
| घ) एन एन एस डब्लु ए | | | | | | |
| विभिन्न कोषतर्फको आय | ८०२८३८२.० | ८०२८३८२.० | | | | |
| जनसहभागिता (नगद) | | | | | | |
| विषयगत निकायबाट प्राप्त | | | | | | |
| धरौटी आय | १०६६५०२६.२ | १०६६५०२६.२ | | | | |
| लगानीको साँवा फिर्ता | | | | | | |
| अन्य विविध आय | | | | | | |
| जम्मा | ८३४८६१५६४.५ | ८३४८६१५६४.५ | | जम्मा | ८३४८६१५६४.६ | ८३४८६१५६४.५ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ **फरक जिम्मेवारी :-** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रू ८५७९६६४७.४६ मौज्दात रहेकोमा यो वर्ष श्रेस्ता अनुसार रू ८,५५,९७,१९९.९६ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रू १९९४४७.५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,४४७.५ |

३.३ फरक हिसाब :- यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रू.११९३६८०९.६२ यस वर्षको प्राप्ति रू.२०५१६१५९७.०० यस वर्षको भुक्तानी रू.२०५१६१५९७.०१ र बैङ्क मौज्दात रू.५८७४७३४.३३ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा २७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ८५५९७२०० | ५३५९०२६८३ | ५६८६३८००० | ५३६५६७३७ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७३६६०३९० | ७४११११९८५१ | ७७३७९९५९७ | ४७७८२००३ |
| फरक | ११९३६८१० | २०५२१७१६८ | २०५१६१५९७ | ५८७४७३४ |

३.४ **सुत्र वाहिरको खर्च /वित्तीय विवरणको यथार्थता :-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४४७८९९१२, राष्ट्रपति महिला सशक्तिकरण परियोजना कार्यक्रमको रू.८०१२४९ र स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.१३३५००० समेत गरी रू.१४६९२६१६१ सुत्रबाट सिर्जित वित्तीय विवरणमा समावेश छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रबाट सिर्जित वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

३.५ **खर्च बिश्लेषण :-** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ९५५३३७७.१०, राजस्व बाँडफाँड बाट रू ११५१४२२४२.८३ र अनुदानबाट रू ४८१६०५७५०.५ आम्दानी भएकोमा चालु तर्फ रू ४४९८७७२०३.०६ र पूँजिगत तर्फ रू, ११८६६०७९६.९ अन्य तर्फ रू १५३६८२६५९.५८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ११.७७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू १३३१०५०० खर्च भएको छ जुन आन्तरिक आयको १६३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.८९ प्रतिशत चालु र १७.११ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालन मा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• यस पालिकामा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी लागु गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ बमोजिम आन्तरिक लेखापरीक्षण गरेको पाईएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन गर्दा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले ईन्धन प्रयोगको आवश्यक मापदण्ड बनाई बढ्दो ईनधन खरिदमा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भएका कतिपए अनुदान वितरणमा मापदण्ड पुरा गरेको पाईएन ।

• पूँजिगत खर्च शिर्षकमा चालु प्रकृतीका खर्च गर्ने कार्य नियन्त्रण भएको देखिएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• पालिका अन्तर्गतका कर्मचारीहरुको तलबि प्रतिवेदन पारित नगरि तलब भत्ता भुक्तानी गरेको छ ।

• ठेक्काका म्याद थप्ने कार्यमा निर्णयगर्दा कारण नखोली म्याद थप्ने गरेको छ ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ५ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रू ७२ करोड २ लाख ७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## ६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन

नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १७५ वडाको लागि वडागत र पालिकास्तरका कुल २४५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | २४५ | ८ | २५ | २१२ |
| २ | वडास्तरीय | १७५ | ० | १० | १६५ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

८ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ :

| क्र स | क्षेत्रगत बजेट | बजेट | खर्च रकम | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३, ५४ , ३९ , २२४.८७ | २,६४,३६,५५०.०० | ७४.५९ |
| २ | सामाजिक विकास | ४६, १६ , ९१ , ०७७.९९ | ३८, ४७ , ७७ , ११७.७१ | ८३.३४ |
| ३ | पूर्वाधार विकास | ९, १७ , ६८ , ७००.०० | ५, ८४ , ६३ , ३८५.९४ | ६३.७१ |
| ४ | सुशासन विकास | १, ५२ , ५३ , ५५०.०० | १, २२ , ५० , ७८८.९७ | ८०.३१ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ११, ४१ , ३३ , ८३७.६३ | ८, ६७ , १० , १५७.४७ | ७५.९७ |
| जम्मा | | ७१, ८२ , ८६ , ३९०.४९ | ५६, ८६ , ३८ , ०००.०९ | ७९.१६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ८३.४३ प्रतिशत र पूर्वाधार विकासमा सबै भन्दा घटीमा ६३.७१ प्रतिशत रहेको छ । पालिकाले आफ्नो दीर्घकालिन लक्ष्य तथा रणनीति हासिल हुने गरी क्षेत्रगत खर्च व्यवस्थापन गर्नुपर्दछ।

९ **पुँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पूँजिगत शिर्षकबाट रु. ११,८६,६०,७९६.९४ खर्च गरेकोमा रु. ४९१५६६८८।९अर्थात् ४१.४२ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु. ८३३५६६० र उपभोक्ता समितिबाट रु. ५७४७०८९६को

खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

| क्र.सं. | खरिद विधि | खर्च रकम रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| १ | खुला बोलपत | ४९१५६६८९ | ४१.४३ |
| २ | सिलबन्दी दरभाउपत्र | ८३३५६६० | ७.०२ |
| ३ | सोझै | ७५२५०९ | ०.६३ |
| ४ | अमानत | २४४७२९ | ०.२१ |
| ५ | उपभोत्ता समिति वा लाभग्राही समुदाय | ५७४७०८९६ | ४८.४३ |
| ६ | गैर सरकारी संस्था | ० | ०.०० |
| ७ | कन्टीन्जेन्सी | २७००३१४ | २.२८ |
| ८ | अन्य | ० | ०.०० |
| | जम्मा | ११८६६०७९७ | |

१० **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| रकम रु हजारमा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.सं. | बजेट उपशीर्षक | बजेट र खर्च | | प्रथम त्रैमासिक | | दोस्रो त्रैमासिक | | तेस्रो त्रैमासिक | | चौथो त्रैमासिक | |
| | | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च | बजेट | खर्च |
| १ | पुँजीगत खर्चतर्फ | १७०२२५ | ११८६६० | ३८८८५ | ६५ | ३८७७६ | ४०४३ | ३८२३२ | २७०४० | ५४३३१ | ८७५१३ |
| खर्चा प्रतिशत | | | ६९.७१ | | ०.१७ | | १०.४३ | | ७०.७३ | | १६१.०७ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू.१७०२२५ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा ०.१७ प्रतिशत, दोस्रो त्रैमासिकमा रू. १०.४३ प्रतिशत, तेस्रो त्रैमासिकमा ७०.७३ प्रतिशत र चौथो त्रैमासिकमा १६१.०७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू.५,१२,५७,६७१.९४ अर्थात कुल बजेटको (३०.११ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११ **कन्टन्जिन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि

गर्नुपर्छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु २७ लाख समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

| क्र सं | खर्चको विवरण | कन्टिन्जिन्सी खर्च रकम |
|---|---|---|
| १ | आर्थिक प्रशासन शाखामा स्टिल र्याक | ८३२२६ |
| २ | विविध | ४०००० |
| ३ | इन्धन | ४९२४२ |
| ४ | मसलन्द प्रिन्टर र कार्टेज खरिद सहित | ९४७३९ |
| ५ | सुचना बोलपत्र र आशयको | ६०६००० |
| ६ | सिसिटिभि DTCO | ९९२०० |
| ७ | Laptop | ३४५७९७ |
| ८ | बजेट इन्ट्रि र संशोधन | १०९०१९ |
| ९ | गाडी भाडा | ४२००० |
| १० | भागेश्वर मावि वाल पेन्ट | १६४००० |
| ११ | पत्रपत्रिका विभिन्न | ७५००० |
| १२ | दैनिक भ्रमण भत्ता | २६२४४५ |
| १३ | अनुगमनको गाडी भाडा रोजगार कार्यक्रम | ७३५०० |
| १४ | रेनकोट तथा झोला खरिद | ११५००० |
| १५ | फिल्ड भत्ता प्राविधिक कर्मचारी | २६७००० |
| १६ | BOP विद्युत वाइरिङ्ग सामाग्री प न पा ६ | ३१३०० |
| १७ | काठे पुल निर्माण | ४७००० |
| १८ | कर्मचारी नियुक्ति इन्जिनियर | ६३४०० |
| १९ | सिताराम मावि कुर्मुल्ले हेन्डपम्प | ६२३९० |
| २० | खानेपानी पाईप खरिद राम ब खत्री प न पा ११ | १९५०० |
| २१ | Digital board stand | ३१४०६ |
| २२ | सवारी मर्मत | १९१५० |
| जम्मा | | 2700314 |

## १२ संगठन तथा कर्मचारी व्यवस्थापन

१२.१

**प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३८ दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकिय अधिकृत, शिक्षा अधिकृत, ईन्जिनियर, प्रशासन अधिकृत सहित १६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

१२.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न १०६ जना कर्मचारीहरु करारमा राखि रू.३,१४,०९,२२८। खर्च लेखेको छ । O & M गरि आवश्यकताका आधारमा मात्र कर्मचारी राख्ने व्यवस्था मिलाउनुपर्दछ।

१२.३ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १२ | १२ | ८ | ४ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

## १३ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सो को अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ। यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ:

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण प्राप्त नभएको |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | १२५९ |
| मृत्युदर्ता | १०१ |
| बसाईसराई दर्ता | १३३ |
| विवाह दर्ता | ३७६ |
| सम्बन्धविच्छेद दर्ता | ५ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

## १४ कार्य सञ्चालन तथा अन्य कोष

नेपाल सरकारले कुनै आयोजना वा कार्यक्रम संचलान गर्दा विनियोजन बजेट भित्रबाट गर्ने, विभिन्न कोषमा रकम मौज्दात राख्ने, उक्त कोषबाट खर्च गर्ने पद्धत्तिमा नियन्त्रण गर्ने ब्यहोरा उल्लेख गरेपनि यो कार्यालयले यो वर्ष विविध खर्च खातामा (ग-२-७) मा गत वर्षको मौज्दात रु ३५,३९,४६४.४६ यस वर्ष प्राप्त रु ३२,३२,८६६.५६ गरी जम्मा रु ६७,७२,३३१.०२ यस वर्ष ३८,६०,९३४.३५ खर्च गरेको छ र वाकी रु २९,११,३९६.६७ मौज्दात देखाएको छ ।त्यस्तै महिला तथा बाल विकास कोषमा रु ९२,८३५.०० र प्रकोप व्यवस्थापन कोषमा रु ११,५६,०५१.०० मौज्दात देखिन्छ । यसरी कोषमा रकम राखेर खर्च गरी खर्चमा दोहोरा पना आउने, खर्चमा मितव्ययिता कायम नहुने हुँदा अत्यावश्यक वाहेकमा यसरी कोषमा रकम राख्ने, ट्रान्सफर गरेर खर्च गर्ने पद्धतिमा नियन्त्रण गर्नुपर्दछ ।

| कोषको नाम | कोष गठन भएको कानुन | शुरु मौज्दात | यो वर्ष थप | यो वर्षको खर्च | बाँकी |
|---|---|---|---|---|---|
| प्रकोष व्यवस्थापन कोष | स्थानिय सरकार सञ्चालन ऐन २०७४, विपद व्यवस्थापन कोष कार्यविधि २०७६ | २५१७४ | ११३०८७७ | ० | ११५६०५१ |
| लैंगिक हिंसा निवारण कोष | स्थानिय सरकार सञ्चालन ऐन २०७४, | १००००० | ० | ७१६५ | ९२८३५ |
| विविध कोष | स्थानिय सरकार सञ्चालन ऐन २०७४, | ३५३९४६४.५ | ३२३२८६६.६ | ३८६०९३४.४ | २९११३९६.७ |

## १५ प्रकोप व्यवस्थापन कोष तर्फ

१५.१ **प्रकोप व्यवस्थापन कोष** – विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय

तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । प्रकोप व्यवस्थापन कोषमा गत वर्षको मौज्दात रू.२५,१७४। र यो बर्ष थप रू.११,३०,८७७। गरि जम्मा आम्दानी रू.११,५६,०५१। भएकोमा सबै रकम रू.११,५६,०५१। बाँकी देखिन्छ ।

१५.२ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ ।यो बर्ष समिति गठन भई २ वैठक वसेका छन्। पालिकाले ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णयलाई कार्यान्वियन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

## १६ कर्मचारी कल्याण कोष

स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा यो बर्ष आन्तरिक श्रोतवाट रू.८,००,०००। ट्रान्सफर भएको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ।

## १७ कानून निर्माण एवं कार्यान्वयन

१७.१ **कानुन निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले दिएको विवरण अनुसार हालसम्म ३६ ऐन, ७ नियमावली, ३ निर्देशिका, ७३ कार्यविधिहरू लगायत ११९ कानुनहरु निर्माण भएको देखिन्छ जसमध्ये ५ वटा ऐन आ.व. २०८०।८१ मा निर्माण भएको र ३ वटा कानुन राजपत्रमा प्रकाशित हुन बाँकी रहेको देखिन्छ। तसर्थ उक्त कानूनहरू राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ। स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी, सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वियन गर्नु जरुरी देखिन्छ ।

१७.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था** - यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको व्यवस्था गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार अघिल्लो आर्थिक बर्षबाट अल्या भएका उजुरीको संख्या १४, आर्थिक वर्ष २०८०।८१ मा दर्ता भएका २९ गरी जम्मा ४३ वटा उजुरी दर्ता भएका छन । जसमध्ये ३६ उजुरीको मेलमिलाप गरी फछर्यौट भएको र ७ बाँकी रहेको देखिन्छ जुन कुल प्राप्त उजुरीको तुलनामा ८३.७२ प्रतिशत हो। आम नागरिकको सहज पहुँच कायम गरी नागरिकको घर आँगनमा नै न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

## १८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

## १९ आन्तरिक लेखापरीक्षण शाखा

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

## २० राजस्व असुली

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। वडा नं १२ का वडा सचिव देवकी भण्डारीले सम्पति कर बाफत रु. १०,०७,४०६।०८ राजश्व असुली भएकोमा रु. १०,०२,९०६ मात्र दाखिला भएको पाइएकोले विभिन्न रसिद न. ३८०१,३८०२, ३८०३,३८०४,३८०७,३८०८,३८१० बाट दाखिला गर्न बाँकि हालसम्म पनि बैंक दाखिला नगरेकोले नियम अनुसार साँवा रकम रु.४५००।०० जरिवाना सहित अशुल गरेर बैंक दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,५०० |

## २१ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकामा दर्ता भएका जम्मा व्यवसाय ३९ वटा रहेका मध्ये २६ वटाले मात्र नवीकरण गरेका छन् ।उक्त २६ व्यवसाय नविकरण गर्दा नविकरण शुल्क वापत रु. ८५,००० कर सङ्कलन भएको र १३ वटा निर्माण व्यवसायीले व्यवसाय नविकरण गरेको देखिएन।यस पालिकाले बाँकी रहेका १३ वटा व्यवसायहरु नविकरण गर्न लगाइ उठ्न बाकि रहेको राजश्व उठाएर बैंक दाखिला गर्नुपर्ने देखिन्छ।तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायको अभिलेख अद्यावधिक राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## २२ सहकारी अनुगमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ख) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नुपर्ने ब्यवस्था छ ।पालिकामा जम्मा २३ सहकारी संस्था रहेकोमा १ वटा पालिकामै दर्ता भएका छन्। यस पालिकाले ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेख राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको ब्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

## २३ सहकारीलाई अनुदान (पुँजीगत तर्फ)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष प्रदेश पुजिगत शशर्त तर्फबाट देहायअनुसारका नाफामूलक सहकारी संस्थालाई भवन निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत नदेखिएको रु.

| गो भौ नं | | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|---|
| १८२ | २०८१।३।१० | वैजनाथ बचत तथा ऋण सहकारी संस्था | सहकारी भवन मर्मत तथा छाना खरिदका लागि | ८९१७३ |

| | |
|---|---|
| अनियमित भएको | ८९,१७३ |

## २४ आर्थिक सहायता र अन्य विविध खर्च

२४.१ **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाले यस वर्ष आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ अनुसार रू.२,०००। देखि रू.२५,०००। सम्म रू.१०,००,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.८१,६५,४६२।२४ को १२.२५ प्रतिशत हुन आउँछ। यस्ता खर्चलाई पालिकाले आफ्नो आन्तरिक आयको आकारसँग तादाम्यता कायम गर्नुपर्दछ। साथै यस्ता खर्चको विवरण पालिकाले आफ्नो वेभसाइट मार्फत समेत सार्वजनिक गरी पारदर्शिता प्रवर्धन गर्नुपर्दछ।

२४.२ **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविध खर्च तर्फ मात्र रू.३९,४७,२८८। खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. ८१,६५,४६२।२४ को ४८.३४ प्रतिशत हुन आउँछ ।पालिकाले यो बर्ष सभा सञ्चालनमा रू.३,९८,१००। रकम खर्च गरेको छ। यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

## २५ कर्मचारीलाई आर्थिक सहायता भुक्तानी

भौ.नं. १७१५ मिति २०८१।०३।२४ आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७५ मा १५ देखि २५ हजार सम्मको आर्थिक सहायता नगर कार्यपालिकाको निर्णय अनुसार हुने व्यवस्था छ। पालिकाले योजना अधिकृत कृष्ण देव जोशी लाई मिति २०८१।०२।३१ को ५३ औं नगर कार्यपालिकाको वैठकले दुर्घटना वाफत औषधी उपचारको रकम ब. ख. विविध खर्च शिर्षकवाट रू.९०,०००। र ब. ख. भुमि आयोग स्थानिय तह व्यवस्थापन शिर्षकवाट रू. १०,०००। गरि रू. १,००,०००। भुक्तानी गरेको छ। निश्चित विधि र मापदण्ड वेगर भविष्यमा निजको औषधि उपचार रकममा समेत कट्टा नहुने गरि भुक्तानी भएको रकम नियम सम्मत देखिएन। यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ पालकिाले ध्यान दिनुपर्ने देखिन्छ।

## २६ सम्पत्ति उपयोग र संरक्षण

२६.१ **जिन्सी निरीक्षण प्रतिवेदन पेश नभएको** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरीक्षण गरि प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ।सो अनुसार पालिकाले जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गरेको छैन। जिन्सी निरीक्षण प्रतिवेदन पेश नहुदा पालिकामा रहेका लिलाम विक्रि गर्नुपर्ने तथा मर्मत संभार गर्नुपर्ने जिन्सी सामान एकिन गर्न सकिएन। जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउन समयमै जिन्सी निरिक्षण गरि प्रतिवेदन पेश गर्ने र सोको कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

२६.२ **सार्वजनिक सम्पत्तिको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

२६.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

२६.४ **जिन्सी लगत खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

## २७ मर्मत खर्च

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९६ अनुसार सार्वजनिक निकायमा रहेको कुनै मालसामान मर्मत गर्नुपर्ने भए सो को लिखित जानकारी सो निकायको प्रमुखलाई दिनुपर्ने र सो को जानकारी प्राप्त भएपछि यसै नियमावलीको १३ (५) अनुसार लागत अनुमान तयार गर्न लगाई खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले यो बर्ष सवारी साधन मर्मतमा रू.४१,२२,९९८। खर्च गरेको छ। पालिकाले गाडी मर्मत गर्दा लागत अनुमान तयार नगरी निम्नानुसारको रकम भुक्तानी दिएको देखिन्छ। मर्मत खर्च लेख्दा लागत अनुमान तयार गरी खर्च लेख्नु पर्दछ।

| क्र.स. | भौ.नं. र मिति | आपुर्तिकर्ताको नाम | गाडि नं. | भुक्तानी रकम रू. |
|---|---|---|---|---|
| १ | ५८३-२०८०।१०।०३ | डि.एस. हेभी इक्युपमेन्ट सोलुसन | से-१-ग- ४७६ ब्याकहो लोडर | १,१०,६७४ |
| २ | ५८७-२०८०।१०।०३ | डि.एस. हेभी इक्युपमेन्ट सोलुसन | से-१-ग- ४७६ ब्याकहो लोडर | १,३५,१८१ |
| ३ | ६०४-२०८०।१०।०४ | डि.एस. हेभी इक्युपमेन्ट सोलुसन | से-१-ग- ४७६ ब्याकहो लोडर | ३,५९,५७६ |

२८ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष १७ दुई पाग्रें र ६ चार पाग्रें गरि जम्मा २३ सवारि साधनको लागी जम्मा रू.२५,४६,४१६। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

२९ **पेश्की बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. १९००००० म्याद नाघेको पेश्की फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्कीको विवरण | संस्था तथा समितिको नाम | म्याद नाघेको पेश्कीको रकम |
|---|---|---|
| बैजनाथ ग्रामिण सामुदायिक विद्युत ट्रान्सफर खरिद तथा लाईन विस्तार | नेपाल बिद्धुत प्राधिकरण | १०००००० |
| ओबिगाडा(तल्लोलामिजाला),वडा नं ६ झो.पु , | साधुरे ट्रस पुल निर्माण उपभोक्ता समिति | ३००००० |
| ओबिगाडा(तल्लोलामिजाला),वडा नं ६ झो.पु , | डेबरी गाड झोलुङ्गे पुल निर्माण उपभोक्ता समिति | ६००००० |
| जम्मा रकम | | १९००००० |

| | |
|---|---|
| पेश्की | १९,००,००० |

३० **भ्रमण खर्च**

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ वमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.३२,६७,८७४। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्सनीय आधार नदेखीएको,

- भ्रमण प्रश्चात तोकिएको ढाँचामा भ्रमण प्रतिवेदन पेश नगरी कतिपय भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको।

- कतिपय भ्रमण आदेशमा आदेश नं. र मिति नराखेको।

अत: तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

३१ **जरिवाना -विद्युत महशुल (पालिका चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू.२२,५९३। भुक्तानी गरेको रकम नियमित हुनुपर्दछ।

| **क्रं.स.** | **भौ.न.** | **विद्युत महशुल** | **जरिवाना रकम** |
|---|---|---|---|
| १ | ११८-२०८०।०८।२१ | ६६५०७ | १६६२६ |
| २ | १२१-२०८०।०८।२४ | २३८७१ | ५९६७ |
| **जम्मा** | | **९०,३७८।** | **२२,५९३** |

| अनियमित भएको | २२,५९३ |
|---|---|

३२ **जरिवाना - विमा नविकरण (पालिका चालु)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्नानुसार विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू.१४,२५०। भुक्तानी गरेको रकम नियमित हुनुपर्दछ।

| क्र.सं. | भौ.नं. र मिति | गाडि नं. | महशुल | रकम |
|---|---|---|---|---|
| १ | ३२-२०८०।०६।१४ | से-१-झ- ३२९ | ११४०० | ६६०० |
| २ | १३१-२०८०।०९।०३ | | २४७०० | ७६५० |
| **जम्मा** | | | ३६१०० | १४,२५०। |

| अनियमित भएको | १४,२५० |
|---|---|

३३ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रू.१,३३,१०,५००। सुविधा वापत भुक्तानी भएको छ ।जुन कुल आन्तरिक आय रू. ८१,६५,४६२.२४ को १६३ प्रतिशत हो।

३४ **विज्ञ सल्लाहकार**

सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले विज्ञ सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले रू.४३,६८९। मासिक तलब र रू.१७,४७५। विशेष भत्ता गरि मासिक रू.६१,१६४। का दरले बार्षिक खुद रू.७,५२,४५४। भुक्तानी हुने गरी मिति २०८०।०४।०४ को नगर कार्यपालिकाको निर्णय अनुसार विज्ञ सल्लाहकार नियुक्त गरि रकम भुक्तानी गरेको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ७,५२,४५४ |

३५ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं. / मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ४५-२०८०।०६।१५ | ईलाका प्रहरी कार्यालय जोगवुडा कार्यालय व्यवस्थापन वाफत | ११७२१ |
| २ | १७२३-२०८१।०३।२४ | सशस्त्र प्रहरी वल बिओपी मेस निर्माण वाफत | ३४०२०४ |
| ३ | १७१६-२०८१।०३।२४ | ईलाका प्रहरी कार्यालय जोगवुडा लाई ईन्धन वाफत | २३६४० |
| ४ | १३०२-२०८१।०३।१० | सशस्त्र प्रहरी वल नेपाल बोडर आउट पोष्ट परिगाँउ | ४१२२० |
| ५ | ११५२-२०८१।०२।२९ | इलाका प्रहरी कार्यालय जोगवुडा सवारी मर्मत वाफत | ५६१३५ |
| ६ | १०२८-२०८१।०२।०२ | डडेल्धुरा जिल्ला अदालत बार एशोसिएशन लाई व्यवस्थापन खर्च वाफत | ९६२२५ |
| ७ | ९७६-२०८१।०१।२५ | ईलाका प्रहरी कार्यालय जोगवुडा लाई गाडी मर्मत वाफत | ८७७२२ |
| ८ | ९३९-२०८१।०१।२० | ईलाका प्रहरी कार्यालय जोगवुडा लाई सेफ्टी टंकी निर्माण वाफत | ९१२६४ |
| ९ | ८५९-२०८०।११।३० | मालपोत कार्यालय जोगवुडाको कार्यालय व्यवस्थापन वाफत | ९८३३७ |
| १० | ८२३-२०८०।११।२३ | नापी कार्यालय जोगवुडाको कार्यालय व्यवस्थापन सामाग्री ढुवानी खर्च वाफत | ३१५०० |
| ११ | ८२५-२०८०।११।२३ | नापी कार्यालय | ३८१३४ |
| १२ | ८३२-२०८०।११।२३ | नापी कार्यालय | ६०६२९ |
| १३ | ८३७-२०८०।११।२३ | मालपोत कार्यालयको सामाग्री खरिद वाफत | ३९३४५ |
| १४ | ८३९-२०८०।११।२४ | मालपोत कार्यालयको कार्यालय संचालन सामाग्री खरिद वाफत | १०९५०३ |

३६ **डुङ्गा तारउतारको ज्याला भुक्तानी (पालिका चालु)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था रहेको छ।सिसनजाला डुङ्गा तारउतारको कार्य गरे वाफत हरीलाल धामी र करन बहादुर वुढामगर लाई रू.७३०। का दरले ७४ दिनको ज्याला वाफत डोर हाजिरिको आधारमा रू.८९,१००। रकम भुक्तानी भएकोमा पालिकामा कुनै आम्दानी प्राप्त भएको छैन।यसरि आम्दानी विना व्ययभार परेको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ८९,१०० |

३७ **फरक खर्च शिर्षक (पालिका चालु)**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार तोकिए बमोजिमका शिर्षकमा खर्च लेखाङ्कन गर्नुपर्ने हुन्छ। पालिकाले पारिश्रमिक कर्मचारी शिर्षकवाट डोर हाजिरका आधारमा ज्यालादारीका कर्मचारी लाई रू.१२,४६,०९१। भुक्तानी गरेको छ। जुन प्रकृतिको खर्च हो सोही मिल्दोजुल्दो शिर्षकवाट बजेट खर्च लेख्नुपर्नेमा पालिकाले फरक शिर्षकवाट खर्च गरेको रकम नियमित हुनुपर्दछ।

| क्र.सं. | भौ.नं. र मिति | रकम |
|---|---|---|
| १ | ९२-२०८०।०८।१५ | ५६३६९।६० |
| २ | ९३-२०८०।०८।१७ | १०३९५०। |
| ३ | १७३६-२०८१।०३।२४ | २६१३६०। |
| ४ | १६४९-२०८१।०३।२२ | २८९०८। |
| ५ | १५५५-२०८१।०३।२० | १९६३८१। |
| ६ | ११६७-२०८१।०२।३० | ७३८६५। |
| ७ | १०१५-२०८१।०२।०१ | ७३७५५। |
| ८ | १०२९-२०८१।०२।०२ | ४४५५०। |
| ९ | ९९७-२०८१।०१।३० | ३१६८०। |
| १० | ८७६-२०८१।०१।१३ | १४५९४०। |
| ११ | ८७७-२०८१।०१।१३ | १७३७९४। |
| १२ | ८५३-२०८०।११।३० | ५५५३९। |
| | **जम्मा** | **१२,४६,०९१।** |

| अनियमित भएको | १२,४६,०९१ |
|---|---|

३८ **बचत तथा क्रण सहकारीलाई रकम भुक्तानी (पालिका चालु)**

भौ.नं. १२६५ मिति २०८१।०३।०५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्वेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले पुर्णागिरी वचत तथा क्रण सहकारी संस्थालाई संस्थाको संस्थागत विकाशको लागी रू.१,९०,७८४। रकम भुक्तानी गरेको छ। यसरि नाफा कमाउने उद्वेश्यले स्थापित यस वचत तथा क्रण सहकारी संस्थालाई भुक्तानी भएको रकम अनियमित देखिएको रू.

| अनियमित भएको | १,९०,७८४ |
|---|---|

३९ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचिकृत व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तहभित्र प्रधानमन्त्रि रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रम सञ्चालन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वेरोजगारहरूको प्राथमिकरण गर्ने सुचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। श्रमिकको संख्या पनि

अत्याधिक रहेकोले कार्यक्रमको उदेश्य अनुरूप रोजगार उपलब्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वियन भएको पाइएन। यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरूमा तटबन्ध निर्माण, बाटो निर्माण, पर्खाल निर्माण, नाली निर्माण, मन्दिर निर्माण, कुलो निर्माण, ताल संरक्षण कार्य, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरि २६ योजनामा ९२ जनालाई औषतमा ९९ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्च रू.७८,९५,९५४।७० खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पुर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट, वेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ। यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ।

४० **बढी निकासा (शसर्त चालु)**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आवश्यकभन्दा बढी रकम निकासा वा खर्च गर्न नहुने उल्लेख छ। पालिकाले सिद्धनाथ आ.वि. लालपुरलाई शिक्षकको तलव भत्ता वाफत वर्षभरि रू.२५,८८,७४४। भुक्तानी हुनुपर्नेमा रू.३८,५५,०२१। भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रू.१२,६६,२७७। मध्ये रू.११,००,०००। असुल भई बाँकी १,६६,२७७। सम्बन्धित बिद्यालय वाट असुल गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,२७७ |

४१ **सामादायिक सिकाई केन्द्र (शसर्त चालु)**

स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको ,विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको , साधारण शभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको ,गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने रू.

| क्र.स. | सिकाई केन्द्रको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १ | जोगवुडा सामुदायिक सिकाई केन्द्र | २,००,०००। | आ.व. २०८०।८१ को पेश हुन बाँकी |
| २ | महाभारत सामुदायिक सिकाई केन्द्र | २,००,०००। | आ.व. २०७९।८० र २०८०।८१ को पेश हुन बाँकी |
| **जम्मा** | | **४,००,०००।** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,००,००० |

४२ **शिक्षा तर्फ**

४२.१ **अनुगमन नियमन व्यवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याकंन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकामा ६२ विद्यालयको अनुगमन मापदण्ड तयार गरेको छैन।जसवाट विद्यालय अनुगमन कार्यका साथै शिक्षण शिकाइ कार्य प्रभावकारी रूपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ।

४२.२ **नगर शिक्षक** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि

सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले ४१ विद्यालयमा ६८ जना नगर शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.१,६५,६४,३३९। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ।

| क्र.सं. | भौ.नं. र मिति | त्रैमासिक | भुक्तानी भएको स्रोत | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या |
|---|---|---|---|---|---|---|
| १ | ११-२०८०।०६।१४ | प्रथम | आन्तरिक श्रोत | ४७,४५,१२० | ४१ | ६८ |
| २ | ११-२०८०।०६।१४ | दोस्रो | आन्तरिक श्रोत | ३५,३५,६०६ | ४१ | ६८ |
| २ | ८८४-२०८१।०१।१४ | तेस्रो | राजस्व वाडँफाँड | ४२,६५,६०६ | ४१ | ६८ |
| २ | १३८०-२०८१।०३।१३ | अन्तिम | राजस्व वाँडफाँड | ४०,१८,००७ | ४१ | ६८ |
| | जम्मा | | | १,६५,६४,३३९। | | |

४२.३ **प्रति विद्यार्थी लागतका आधारमा अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नम्बर २.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सामाग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान कार्यक्रम अन्तर्गत विद्यालयलाई अनुदान निकासा प्रश्चात अनुदानको प्रगति प्रतिवेदन पेश गर्नु पर्दछ। यस वर्ष ६३ वटा विद्यालयलाई जम्मा रू.४९,८२,००५। निकासा भएकोमा अनुदान उपयोगको प्रगति प्रतिवेदन पेश भएको पाईएन। कार्यक्रम कार्यान्वियन पुस्तिकको पालना हुनुपर्दछ।

४२.४ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान -** शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्न प्रयोजनको लागि वार्षिक रु.१२०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नु पर्ने व्यवस्था छ। पालिकाले ६३ वटा विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय १२,०००।०० को दरमा रु.७,५६,०००।०० रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

४२.५ **विद्यालयको लेखापरीक्षण-** पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न ६३ विद्यालयहरुलाई रु.६,९०,०००। भुक्तानी गरेको छ । आ.व. २०८०।८१ को लेखापरीक्षणको क्रममा ६२ विद्यालयले लेखापरीक्षण गरी प्रतिवेदन पालिकामा वुझाएको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गर्न लगाई देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नु पर्दछ ।

४२.६ **संस्थागत विद्यालय अनुगमन** – पालिका भित्र ८ निजी विद्यालय सञ्चालनमा रहेको जानकारी प्राप्त भएपनि तिनको अनुगमन गरेको पाइएन। निजी विद्यालयको दर्ता, अनुमती, शैक्षिक शुल्क तथा पढाइको स्थिति जस्ता विषयमा पालिका अनभिज्ञ रहेको पाइयो। त्यस्ता विद्यालयहरू कानुनत: दक्षतापुर्वक सञ्चालन भए नभएको सम्बन्धमा पालिकाले समय समयमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ।

४२.७ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वयनका लागी विद्यालयको तथ्यांक

संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ६२ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| **१** | आदर्शज्योती आ वि भिरकोट | ४ | ४ | २८ | १:७ |
| २ | लाटादेव आ वि चौडतोली | १ | १ | ८ | १:८ |
| ३ | भवानी आ वि कसान | २ | २ | २४ | १:१२ |
| ४ | बैजनाथ मा सलेता | ९ | ९ | २६१ | १:२९ |
| ५ | भागेशवर मा वि सलौन | १० | १० | ३३४ | १:३३ |
| ६ | भुवनेश्वरी मा वि परिगाँउ | १३ | १३ | ५७३ | १:४४ |
| ७ | सिद्दनाथ आ वि प्यावलीबण्ड | १ | १ | ४९ | १:४९ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:७ देखि १:४९ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

४२.८ **शैक्षिक गुणस्तर** – सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४२.९ **सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम** - भौ.नं. ३४३ मिति २०८१।०३।१७ कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ अनुसार विद्यालयलाई दिने अनुदान एकिन संख्याका आधारमा अनुदान दिई पालिकाको शिक्षा शाखाबाट नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले कोभिड-१९ वाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाई निरन्तरताका लागी कार्यक्रम अन्तर्गत विद्यालय प्र.अ. तथा व्यवस्थापन समितिहरूलाई अभिमुखीकरण कार्यक्रमको लागी गर्न रू.२,००,०००। खर्च भएकोमा कार्यक्रमको प्रभावकारिता सम्बन्धमा अनुगमन भएको पाईएन। पालिकाले उक्त रकमको सदुपयोग भएको एकिन गर्न अनुगमन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४२.१० **अनुदान ब्यवस्थापन** - कार्यक्रम कार्यान्यिन पुस्तिका २०८०।८१ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०८०।८१ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम

प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्चयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम | विद्यालय |
|---|---|---|---|
| १ | पाठ्यपुस्तक अनुदान | ६७४७९९९ | ६३ |
| २ | छात्रवृत्ति अनुदान | १६६५८०० | ६३ |
| ३ | पुस्तकालय अनुदान | १२४६७०८ | २ |
| ४ | कार्य सम्पादनमा आधारित अनुदान | ५००००० | २ |

४३ **क्याम्पसलाई रकम भुक्तानी (पालिका चालु)**

भौ.नं.७१३ मिति २०८०।१०।२५ नेपालको संबिधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची - ८ बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ।उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्बाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर पालिकाले त्रिवेणी बहुमुखी क्याम्पसलाई उच्च शिक्षा गुणस्तर सुधार कार्यक्रम अन्तर्गत राजस्व बाँडफाड शिर्षकवाट जम्मा रू.१०,००,०००। भुक्तानी दिएको कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले यस्तो खर्चमा सुधार हुनुपर्दछ।

४४ **फोहोरमैला व्यवस्थापन**

यो बर्ष पालिकाले फोहोरमैला व्यवस्थापन अन्तर्गत डस्टविन खरिद, सचेतना कार्यक्रममा रू.५,००,०००। खर्च गरेकोमा फोहोरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरूवाद गर्न नसकेको कारण फोहोरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। स्रोतमा नै वर्गीकरण गरि कुहिने,नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहोर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहोरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४५ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्नेमा पालिकाले आर्थिक वर्ष २०८०।८१ मा स्वास्थ्य तर्फका २२ स्थायी कर्मचारीहरूको जम्मा रू.१,२९,९८,७६७। वर्षभरी तलब भत्ता भुक्तानी गरेको पाइयो।पालिकाले उक्त कर्मचारीहरूको तलबी प्रतिवेदन पारित नगराई तलव भत्ता भुक्तानी गरेकोमा सोको ग्रेड एकिन गर्न सकिएन।तलव खर्च लेख्दा तलवी प्रतिवेदन पारित गरेरमात्र खर्च लेख्नु पर्दछ।

४६ **औषधी खरिद**

पालिकाले यो बर्ष निम्नाअनुसार रू.१७,४२,१२६। को औषधि खरिद गरि रकम भुक्तानी गरेको छ।

| क्र.सं. | खरिद विधि | फर्मको नाम | लागत अनुमान | ठेक्का रकम | घटी प्रतिशत | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ई-बिडिंग | सृजना मेडिसिन सप्लायर्स | २०,९९,८७२। | ७,८७,५५८। | ६२ | ६,८७,५००। |
| २ | सोझै खरिद | नेपाल सिनर्जी मेडिसिन सप्लायर्स, नेपालगञ्ज | ५०३८३०। | ४४७७०३। | ११ | ४,४७,७०३। |
| ३ | सोझै खरिद | डायमण्ड सर्जिमेट महेन्द्रनगर | ६२१९३०। | ६०६९२३ | २ | ६,०६,९२३ |
| | जम्मा | | | | | १७,४२,१२६। |

पालिकाले दिएको विवरण लाई विश्लेषण गर्दा ई-बिडिङ्ग मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ६२ प्रतिशत घटीमा ठेक्का रकम स्वीकृत भएको छ भने सोझै खरिद मार्फत खरिद कार्य गर्दा लागत अनुमानको क्रमश ११ र २ प्रतिशत घटीमा सम्झौता भएको छ। ई-विडिङ्ग मार्फत खरिद कार्य गर्दा लागत अनुमानको ६२ प्रतिशत घटिमा ठेक्का स्वीकृत भएकोले औषधि खरिद गर्दा प्रतिस्प्रर्धात्मक विधि मार्फत खरिद गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ। साथै पालिकाले, औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४७ **दिवा खाजा**

आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाकालागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ६३ विद्यालयका ४९३३ विद्यार्थिको लागि दिवा खाजा बापत रू.१,१४,३८,५३५। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४८ **अनियमित भुक्तानी (पालिका चालु)**

भौ.नं. १५१८ मिति २०८१।०३।१९ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। व.ख. २०७९।८० को भुक्तानी गर्न बाँकी दायित्व शिर्षकवाट आ.व. २०८०।८१ को विल पेश गरि रू.२९,५५०। भुक्तानी भएको छ।यसरि भुक्तानी भएको रकम नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | २९,५५० |

४९ **न्यानो झोला खरिद**

भौ.नं. ३८५ मिति २०८१।०३।२० स्थानिय तहको कार्यक्रम संचालन मार्गदर्शन ,२०७८ ले न्यानो झोला आपुर्ति भै सकेपछी स्पेसिफिकेसन अनुसार गुणस्तर भए नभएको एकीन गरी गुणस्तर चेक जाँच गराई भुक्तानी दिनु पर्ने उल्लेख छ । यस पालिकाले मातृ तथा नवशिसु कार्ययक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा न्यानो झोला कार्यक्रमको लागी मणिलेख मेडिसिन डिष्ट्रीब्युटर्स वाट रू.९४,९१४। मा ११२ थान न्यानो झोला खरिद गरेको पाईयो ।पालिकाले Batch no. र Expirary date सहित खरिद कार्य नगरेको, खरिद प्रश्चात स्पेशिफिकेशन सहित दाखिला नभएको र गुणस्तर बमोजिमका थिए थिएनन खुल्ने प्रमाण नरहेकोले खरिद गरिएका न्यानो झोला गुणस्तर सम्वन्धमा सुनिश्चित हुने आधार रहेन । साथै न्यानो झोला बितरण गरी उपयोग भएको अवस्था छैन। यस सम्बन्धमा सुधारका लागि पालिका लगायत सरोकारवाला सबैको ध्यान जान आबश्यक देखिन्छ।

५० **कृषि पकेट कार्यक्रम**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा

क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत आलु पकेट र तरकारी पकेटमा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू.१०,९८,०००। खर्च भएको छ। पालिकाले एकिकृत रूपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ। कृषि पकेट कार्यक्रम अन्तर्गत सञ्चालित केहि कार्यक्रमहरू:

| क्र.स | गो भौ नं र मिति | पकेट कार्यक्रमको नाम | भुक्तानी पाउने कृषक समुहको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ११५-२०८०।०९।१३ | आलु पकेट | प्रगतिशील कृषक समुह खजुरानी | १९४०००। |
| २ | १७२-२०८०।१०।२५ | आलु पकेट | पञ्चगिरी व्यवसायिक कृषि समुह | १९७०००। |
| ३ | २२७-२०८१।०१।१८ | तरकारी पकेट | कृषक समन्वय समिति वडा नं. ४ | १६८९७३। |
| ४ | २५४-२०८१।०२।०१ | तकारी पकेट | भुमिराज ताजा तरकारी उत्पादन समुह | १६७५६४। |

## ५१ स्यानिटरी प्याड खरिद (शसर्त चालु)

भौ.नं. ४०६ मिति २०८१।०३।२३ सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन कार्यक्रम अन्तर्गत कार्यविधिमा उल्लेखित प्रक्रिया अनुरूप वार्षिक १० महिना अवधिका लागि निशुल्क स्यानिटरी प्याडको व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सोको मुख्य जिम्मेवारी सम्बन्धित स्थानीय निकाय र विद्यालय हुने कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था छ। पालिकाले यस बर्ष ३१८२४ प्याकेट स्यानिटरी प्याड एन्जल टच हाइजिङ्ग म्यानुफ्याक्चरिङ्ग वाट प्रतिथान रू.२८।(VAT सहित) का दरले ई-विडिङ्गको माध्यमवाट खरिद गरी रू ८,९३,८०३। भुक्तानी गरेको देखियो। खरिद गरिएका सबै स्यानिटरी प्याड मिति २०८१।०५।१५ गतेको लेखापरीक्षणको अवधिसम्ममा नगरपालिकाको शिक्षा शाखामा मौज्जात रहेको देखियो। कार्यविधिमा तोकिए अनुरूप वास्तविक मागका आधारमा समयमै खरिद एवमं हस्तान्तरण नगरी मौज्दात रहने गरी वर्षान्तमा खरिद गर्ने कार्य मनासिव देखिएन।अत: स्यानिटरी प्याड वितरण गरेको भरपाई पेश गर्नेपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,९३,८०३ |

## ५२ कर निर्धारण र असुली सम्बन्धमा

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | २६०००००० | १४१८४७३.५ | ५४.५५ |
| घरजग्गा वहाल कर | ५०००० | ४९५०३७.०२ | ९९.००७ |
| व्यवसाय कर | २००००० | ७०९८४१.०१ | ३५४.९२ |
| वहाल विरौटी शुल्क | १५०००० | १३७७० | ९.१८ |
| सवारी साधनकर (साना सवारी) | १५०००० | १६६०० | ११.०६ |
| कृषी तथा पशुजन्य बस्तुको ब्यबसायिक कारोबारमा लाग्ने कर | १५०००० | २०४०० | १३.६ |
| अन्य कर | १०००००० | ४७९५३ | ४.७९ |
| दहत्तर बहत्तर | ५०००००० | १५३८९४३.२ | ३०.७८ |
| न्यायिक दस्तुर | ५०००० | १८०० | ३.६ |
| सिफारिस दस्तुर | २५००००० | ७४१२१३ | २९.६५ |
| ब्याक्तिगत घट्ना दर्ता | ५०००० | ४०१७०१ | ८०.३४ |
| नाता प्रमाणित दस्तुर | २००००० | १००१० | ५.००५ |
| अन्य दस्तुर | २०००००० | १३७७५ | ०.६८ |
| ब्यबसाय रजिष्ट्रेसन दस्तुर | २००००० | ७८५४५ | ३९.२७ |
| अन्य आय | १३००००० | १७५०४७३.५ | १३४.६५ |
| प्रशासनिक दण्ड जरिवाना | ३००००० | १८३९९ | ६.१३ |
| परिक्षा शुल्क | | ५०० | |
| टेण्डर | | २३५७४० | |
| बिद्धुत सम्बन्धी दस्तुर | | २४५० | |
| बिद्धुत सेवा शुल्क | | ४५९९.९२ | |
| अन्य प्रशासनिक सेवा शुल्क | | ६६००० | |
| पुर्वाधार सेवाको उपयोगमा लाग्नेकर | | २८४ | |
| अन्य राजश्व | | १७००० | |
| ब्यसाय बाहेक अन्यले भुक्तानी गर्ने | | १०००० | |
| घरजग्गा रजिष्ट्रेसन दस्तुर | ५००००० | ० | |
| अन्य मनोरन्जन कर | १००००० | ० | |
| व्यवसायले भुक्तानी गर्ने | १५००००० | ० | |
| ओखेटोपहारमा लाग्ने कर | १००००० | ० | |

| | | | |
|---|---|---|---|
| | | | |
| पर्यटन शुल्क | १००००० | ० | |
| सरकारि सम्पत्तीको बिक्रि बाट प्राप्त रकम | १००००० | ० | |
| पार्किङ शुल्क | १५०००० | ० | |
| नक्सापास दस्तुर | ५००००० | ० | |
| रेडियो एफएम सचालन दस्तुर | ५०००० | ० | |
| न्यायिक दण्ड जरिवाना र जफत | १००००० | ० | |
| **जम्मा** | **२००००००००** | **९५५१४७७.१** | **४७.७६** |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५३ **ढुङ्गा, गिट्टी, बालुवाको ठेक्का सम्बन्धमा**

पालिकाले ८ वटा खोला को IEE Report तयार गर्दा जम्मा रु. १६,४०,६३९.८२ खर्च गरि उक्त खोलाबाट रु. १,९२,७६,५८४.०१ आम्दानी गर्ने प्रक्षेपण रहेको मा हालसम्म पालिकाले कुनै ठेक्का लगाउन सकेको छैन र अमानतबाट नै रु. १५,३८,९४३.२० प्राप्त गरेको देखिन्छ।पालिकाले ठेक्का लगाइ आन्तरिक आय बढाउनु पर्छ।

५४ **विभाज्य कोष सम्बन्धमा**

सुदुर पश्चिम प्रदेश सरकारको आर्थिक ऐन, २०८१ को दफा ८(४) मा सम्बन्धित स्थानीय तहले ढुंङ्गा, गिट्टी, बालुवा, माटो दहत्तर, बहत्तर शुल्कको चालिस प्रतिशत रकम प्रदेश सञ्चितकोषमा दाखिला गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले संकलन यस वर्ष अमानतबाट दहत्तर बहत्तर शुल्क रु १५३८९४३ रकमको ४० प्रतिशत प्रदेश सन्चितकोषमा दाखिला गर्नुपर्नेमा नगरेकोमा नियमानुसार दाखिला गरी प्रमाण पेश गर्नु पर्ने रु :

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,१५,५७७ |

५५ **सम्भाव्यता अध्ययन/डी.पी.आर**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८,९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ । यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सडक निर्माण, विद्यायलय छात्रबास निर्माण, नदी उत्खनन् का वातावरणिय परीक्षण, पार्क निर्माण, लगायतका विषयमा लगायतमा यस वर्ष रु. ४८८६७४४।०० खर्च गरेको छ। यसरी परामर्श सेवा खरिद ग र्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता डि पि आर तथा परामर्श सेवा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ।

| सि नं | कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|---|
| १ | Detail Engineering Survey and Design of Basauti, Bhageshwor, Dhura (Umerlek-Khoidi-Ghudauja-Toli-Manilek-Katautoli-Jhale-Bhageshwor-Dhura) Road | Surpal Engineering Design Consultant Pvt.Ltd,Lalitpur | ९९५५३० |
| २ | Initial Environmental Examination (IEE) of Basauti, Bhageshwor, Dhura (Umerlek-Khoidi-Ghudauja-Toli-Manilek-Katautoli-Jhale-Bhageshwor-Dhura) Road | DDL Engineering And Construction Pvt.Ltd,Kanchanpur | ७०८५१० |
| ३ | Detailed Drawing, Structural Design, Electrical Design and Detail Cost Estimate Preparation and Ward 1 Office Building. | Paradigm Engineering Consultancy Pvt.Ltd,Kailali | ८१३६०० |
| ४ | Detailed Drawing, Structural Design, Electrical Design and Detail Cost Estimate Preparation of | Paradigm Engineering Consultancy Pvt.Ltd,Kailali | |
| ५ | Bhageshwor Ma Vi 8 Room Hostel Building | Paradigm Engineering Consultancy Pvt.Ltd,Kailali | |
| ६ | Preparation of DPR Of Siddhanath Secondary School Chandani Field | Aarabi Engineering Consultant Pvt. Ltd., Kanchanpur | ४८५९०० |
| ७ | ढपुरनपानी साईसौन लिप्ट खानेपानी योजनाको DPR | | ४०७००० |
| ८ | ढुङ्गा गिट्टि बालुवाको उत्खनन सम्बन्धी वातावरणी परीक्षण | Riva Environmental & Engineering Services | १३३३३७३ |
| ९ | HMIS Lab Pharmacy Real Time Insurance Software | मिराकी टेक्स प्रा ली | १४२८३१ |
| जम्मा | | | ४८८६७४४ |

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् ।

### ५६ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | म्याद सम्बन्धि विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति | सम्झौता रकम | हालसम्म भुक्तानी रकम | सुरु अवधीको म्याद थप प्रतिशत |
| 07/WORKS/SQ/PM/2078-079 | Jaukhet Boda Kolkhan Syalkot Achalsen Road Track Open And Cleraing Works | Goril Nirman Sewa, Dadeldhura | 10/6/2078 | 1/30/2079 | 12/30/2080 | ६९८९११५.८ | ४५७३२९.७ | ६१९.० |
| 18/CW/HC/02/2076-077 | Aadharbhut Health Center Construction Work type-II | Harendra Gaughar Nirman Sewa | 1/16/2077 | 2/30/2079 | 12/30/2080 | ३३१०११४.८ | ३२३०१३१.२ | ८६.० |
| 15/CW/2076/2077 | Construction of Parshuram Municipality Office Building Phase II | YR-Pant JV, Kanchanpur | 2/28/2077 | 2/28/2078 | 12/30/2080 | २०१९१८८९.४ | १४७४४०१७.७ | २८३.० |
| 19/WORKS/NCB/PM/2078-079 | Construction of Saleta-Simalbanda-Palgadhi Road, Parshuram Municipality-11, Saleta | Indradhanu-Sitaram JV, Dadeldhura | 1/26/2079 | 2/32/2080 | 12/30/2081 | २२६९४२८६.६ | १०७०३५६१.३ | १६६.० |
| PM/NCB/Works/02/2079-080 | Construction of Basic Health Center Building, Gogan, Parshuram-2, Dadeldhura | Bhimraj Construction, Dadeldhura | 9/8/2079 | 3/13/2081 | 12/30/2081 | २२६६३९९.९ | ४०००००.० | ५३.० |
| PM/NCB/Works/06/2079-080 | Construction of Shiv Parwati Ma. Vi. Katal Building, Parshuram-4, Dadeldhura | TRP Nirman Sewa, Dadeldhura | 9/24/2079 | 1/31/2080 | 12/30/2081 | ४५८२१३२.० | ३२२२१९५.४ | ५५६.० |
| PM/SQ /Works/01/2079-080 | Construction of Different Roads of Parshuram Municipality ward 1 and 3 | Nigalasaini Construction, Dadeldhura | 12/26/2079 | 2/15/2080 | 2/15/2080 | १८६११०३.८ | १३२६८४६.२ | ०.० |

आयोजनाले उपलव्ध गराएको विवरण अनुसार हाल चालु रहेका उल्लेखित सम्झौतामध्ये ठेक्काको शुरु अवधिको शतप्रतिशत अवधिभन्दा बढी म्याद थप भएका ठेक्का रहेका छन । एउटै कारण जनाई पटक पटक गरी निर्माण कार्यको शुरु सम्झौता अवधिभन्दा बढी अवधिको म्याद थप गरिएपनि कार्य सम्पन्न हुन सकेको छैन । सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : परशुराम नगरपालिका, डडेलधुरा , परशुराम नगरपालिका , डडेल्धुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कल्पना भट्ट | २०८१-१-७ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | कृष्णदेव जोशी | २०८०-८-५ | २०८०-१०-५ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १७०,७७७ | २,४३३,९९५ | २,१०८,८२७.५ | ० | ० | १,९००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ६,६१३,५९९.५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,६१३,५९९.५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ८५५९७१९९.९६ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३९६००८५५०.५४ | चालु खर्च | ४४९९७७२०३.०६ |
| प्रदेश सरकारबाट अनुदान | २३४४३३५७ | पूँजीगत खर्च | ११८६६०७९६.९४ |
| राजश्व बाँडफाँट | ११५१४२२४२.८३ | वित्तीय/अन्य व्यवस्था | १५३७२७४१९.५२ |
| आन्तरिक आय | ९५५३३७७.१ | | |
| अन्य आय | १५३६८२६५९.५८ | | |
| कुल आय | ६९७८३०१८७.०५ | कुल खर्च | ७२२३६५४१९.५२ |
| बाँकी मौज्दात | | ६१०६१९६७.४९ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलब्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने गरेको देखियो। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।